# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)

# Securities Board of Nepal
(Nepal Government's Securities and Commodities Exchange Regulator)


**प्रेस विज्ञप्ती**

**मुद्रा तथा पूँजी बजार सम्बन्धी सुझाव समितिको प्रतिवेदन कार्यान्वयन सम्वन्धमा थप विशेष व्यवस्था ।**

मुद्रा तथा पूँजी बजारमा देखिएका प्रवृत्तिहरुको समग्र मूल्यांकन गरी वित्तीय स्थायित्व एवं लगानीका लागि श्रोत व्यवस्थापन सम्बन्धी सुझाव समितिको प्रतिवेदन कार्यान्वयनको लागि नेपाल सरकार अर्थ मन्त्रालयबाट पूँजी बजारसँग सम्बन्धित सुझावहरु कार्यान्वयनका लागि बोर्डमा प्राप्त भएको प्रतिवेदनमा उल्लेख भएका सुझावहरु कार्यान्वयन गर्ने क्रममा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा संशोधन समेत गरी देहाय अनुसारको विशेष व्यवस्था गरिएको छ ।

१. सर्वसाधारण लगानीकर्ताको वित्तीय साक्षरता तथा धितोपत्र बजारको विकासको अवस्थालाई मध्यनजर गरी साविकमा क्रेडिट रेटिङ्ग संस्थाबाट न्युनतम ग्रेड वा रेटिङ्ग प्राप्त गरेका संस्थाले समेत प्रारम्भिक सार्वजनिक निष्काशन गर्न सक्ने व्यवस्था रहेकोमा सोमा संशोधन गरी प्रारम्भिक सार्वजनिक निष्काशन गर्न चाहने सङ्गठित संस्थाले क्रेडिट रेटिङ्ग प्रदान गर्ने संस्थाबाट न्यूनतम ग्रेड भन्दा कम्तिमा एक स्तर माथिको रेटिङ्ग प्राप्त गरेको हुनुपर्ने व्यवस्था गरिएको छ । यसवाट सवभन्दा कमजोर रेटिङ्ग प्राप्त गर्ने संगठित संस्थाले प्रारम्भिक सार्वजनिक निष्काशन गर्न नपाउने भएको छ ।

२. बजारमा सर्वसाधारण लगानीकर्ताको पहुँच विस्तार गराई ऋणपत्र बजारलाई थप गतिशील बनाउन संगठित संस्थाले ऋणपत्र जारी गर्दा जारी रकमको कम्तीमा चालिस प्रतिशत ऋणपत्र प्राकृतिक व्यक्तिलाई बिक्री वितरण गर्नको लागि छुट्याउनु पर्ने व्यवस्था गरिएको छ । तर यसरी छुट्याइएको ऋणपत्र तोकिएको अवधि भित्र प्राकृतिक व्यक्तिले खरिद नगरेमा अन्य खरिदकर्तालाई बिक्री गर्न सकिने छ ।

३. धितोपत्र सार्वजनिक निष्काशन गर्न चाहने संगठित संस्थाले सवै भन्दा न्यून रेटिङ्ग प्राप्त गरेमा सार्वजनिक निष्काशन गरिएको सम्पूर्ण धितोपत्रको प्रत्याभूति गर्नु पर्ने व्यवस्था रहेकोमा सोमा संशोधन गरी न्यूनतम भन्दा एक स्तर माथिको रेटिङ्ग प्राप्त गरेको संगठित संस्थाले समेत सम्पूर्ण धितोपत्रको प्रत्याभूति गर्नु पर्ने व्यवस्था गरिएको छ ।

४. प्रारम्भिक सार्वजनिक निष्काशनको प्रिमियम निर्धारण गर्दा नेटवर्थको चार गुणा सम्म कायम गर्न सक्ने व्यवस्था रहेकोमा सोमा संशोधन गरी नेटवर्थको दुई गुणा सम्म कायम गर्न सक्ने व्यवस्था गरिएको छ ।

५. सूचीकृत सङ्गठित संस्थाले प्रिमियममा धितोपत्रको थप सार्वजनिक निष्काशनको प्रिमियम निर्धारण गर्दा नेटवर्थको चार गुणा सम्म कायम गर्न सक्ने व्यवस्था रहेकोमा सोमा संशोधन गरी प्रिमियम निर्धारण गर्दा प्रति शेयर नेटवर्थको भन्दा बढी नहुने गरी प्रिमियम सहितको निष्काशन मूल्य निर्धारण गर्न सक्ने व्यवस्था गरिएको छ ।

साथै यस अघि स्थानीय बासिन्दाकालागि धितोपत्र निष्काशनको स्वीकृति भैसकेको अवस्थामा साविककै व्यवस्था अनुसार सार्वजनिक निष्काशन गर्न सक्ने व्यवस्था गरिएको छ ।
यसरी उक्त समितिको प्रतिवेदनमा उल्लेखित सुझावहरु मध्ये अन्य सुझावहरु कार्यान्वयनको क्रममा रहेका छन भने धितोपत्र दलाल व्यवसायीहरुमार्फत मार्जिन कारोवार गर्न दिने व्यवस्थालाई शीघ्र कार्यान्वयनमा ल्याउने कार्य समेत अगाडि वढाईएको छ ।

वोर्डवाट गरिएका उल्लेखित व्यवस्थाहरुवाट धितोपत्र बजारमा हुने लगानीको जोखिम न्यूनिकरण हुने, ऋणपत्र वजारमा सर्वसाधारणको सहभागिता अभिवृद्धि हुने तथा समग्र धितोपत्र वजारको विकासमा सकारात्मक प्रभाव पर्ने अपेक्षा रहेको छ ।

मितिः २०७५।०९।२४

(परीष्टनाथ पौड्याल)
कार्यकारी निर्देशक


**Post Box No.: 9031, Jawalakhel, Lalitpur, Nepal**
**Phone: 00977-1-5550511, 5544076, 5551162, 5544077, 5550512, 5541057, 5541058 Toll Free No.: 1660-01-44433**
**Fax No.: 00977-1-5541058, Email: support@sebon.gov.np, Website: www.sebon.gov.np**